**मिति २०७६/१२/२२ गतेको नगर कार्यापालिका बैठकका प्रस्तावहरु**

१. शितगंगा नगरपालिकाको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड २०७६ सम्बन्धमा ।

२. राहत वितरण सम्बन्धमा ।

३. प्रकोप व्यवस्थापन कोषमा रकम जम्मा तथा खर्च गर्ने सम्बन्धमा ।

४. राहत सामाग्री खरिद तथा वितरण समिति गठन सम्बन्धमा ।

५. महिला स्वास्थ्य स्वंयम सेविकालाई थप सुविधा दिने सम्बन्धमा ।

६. राहत रकम स्वंघोषणा सम्बन्धमा ।

७. एम्बुलेन्स लिने सम्बन्धमा ।

८. कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारमा खटिने जनशक्तिको थप सुविधा सम्बन्धमा ।

९. राहतकोषमा रकम जम्मा गर्न आव्हान गर्ने सम्बन्धमा ।

## निर्णयहरु :

### निर्णय नं. १

शितगंगा नगरपालिकाको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड २०७६ सम्बन्धमा ।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको कारण नेपाल पनि प्रभावित भई देश भर विषम परिस्थिति उत्पन्न हुदाँ सो का कारण यस नगरपालिकामा समेत प्रभाव पारेकोले सो प्रभावका कारण उत्पन्न समस्यालाई केही भएपनि सम्बोधन गर्न शितगंगा नगरपालिकाबाट तयार भएको शितगंगा नगरपालिकाको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

राहत वितरण सम्बन्धमा ।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको कारण नेपाल पनि प्रभावित भई देश भर विषम परिस्थिति उत्पन्न भई मिति २०७६/१२/११ गते देखि देशभर लकडाउनको अवस्था शृजना भएबमोजिम यस नगरपालिकामा पनि सोही मितिबाट लकडाउन भएको हुँदा सो अवस्थामा प्रभावित भएका यस नगरपालिका भित्र रहेका निर्णय नं. १ को स्वीकृत मापदण्ड भित्र पर्ने व्यक्तिहरुलाई प्रत्यक्ष प्रभाव पारी दैनिक छाक टार्न समस्या भएकोले संघीय सरकारले घोषणा गरेको लकडाउन अवधि भरको लागि उक्त मापदण्डको बुँदा ५ बमोजिमको वितरण गरिने राहत सामाग्री (खरिद गर्ने सन्दर्भमा ती सामाग्रीहरु) तत्काल वितरण गर्नु पर्ने भएकोले सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पूर्णरुपमा पालना गर्न समय नहुने भएकोले मापदण्ड बमोजिम राहत प्राप्त गर्ने परिवारहरुको विवरण मिति २०७६/१२/२५

गते भित्र वडाले यस नगरपालिकामा पेश गर्ने र सो का आधारमा आवश्यक पर्ने सामाग्री एकिन गरी न्यूनतम मुल्यमा मापदण्डको बुँदा ६ बमोजिम गठित समितिले खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रकोप व्यवस्थापन कोषमा रकम जम्मा तथा खर्च गर्ने सम्बन्धमा ।

कोरोना भाइरसका कारण लकडाउन गर्दा नगरबासीलाई परेको समस्यामा आवश्यक सहयोग गरी देशमा घोषण भएको लकडाउनमा खाद्यन्नको समस्याले दैनिक छाकटार्न समेत समस्या भएका परिवार, कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागि गरिएका प्रयासमा भएका र हुने खर्च समेतको व्यवस्थापनको साथै विपद सँग सम्बन्धित खर्चको लागि शितगंगा नगरपालिकाको नाममा प्रकोप व्यवस्थापन कोष खाता खोलिएकोले चालु आ.व.मा नगर सभाबाट स्वीकृत वडास्तरीय कार्यकमहरु मध्ये हाल सम्म कार्यान्वयन नभएका निम्न कार्यकमहरु हटाई सो रकम विपद व्यवस्थापन कोष खातामा जम्मा गर्ने र सोही कोष मार्फत विपद सम्बन्धि हुने सम्पूर्ण खर्चहरु गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | हटाईएका कार्यकमहरुको नाम | वडा नं. | रकम |
|---|---|---|---|
| १ | गोठ तथा खोर सुधार, उन्नत वोका वितरण, प्रोत्साहान कार्यकम | १ | ३००००० |
| २ | जेष्ठ नागरिक धार्मिक भ्रमण | १ | १००००० |
| ३ | दलित जनजाती क्षमता विकास कार्यकम | १ | १००००० |
| ४ | विपन्न वर्गलाई जस्ता पाता वितरण | १ | ३००००० |
| ५ | व्यवसायीक कृषि खेती (भिर्रा र भिर्राथुम) | २ | १००००० |
| ६ | दलित, जनजाती, महिला, अपाङ्ग (शिक्षा स्वास्थ्य शिपमुलक कार्यकम) क्षमता विकास | २ | ४००००० |
| ७ | दलित जनजाती,अपाङ्ग, महिला तथा सहकारी क्षमता विकास कार्यकम | ३ | ४४०००० |
| ८ | महिला स्वास्थ्य स्वंयम सेविका दराज वितरण | ३ | १००००० |
| ९ | विउपल तथा विरुवा वितरण कार्यकम | ४ | ३००००० |
| १० | मौरी घार वितरण कार्यकम | ४ | १२०००० |
| ११ | कृषि सम्बन्धि कार्यकम संचालन | ४ | १००००० |
| १२ | अपाङ्ग नेतृत्व विकास कार्यकम | ४ | ५०००० |
| १३ | उन्नत जातको पशुपालन प्रोत्साहान | ५ | २००००० |
| १४ | बाखाको खोर निर्माण | ६ | ८४०००० |
| १५ | कृषि पोत्साहान कार्यकम | ७ | १००००० |
| १६ | कृषि विकास सम्बन्धि कार्यकम | ९ | ३००००० |
| १७ | पशु विकास सम्बन्धि कार्यकम | ९ | ३००००० |
| १८ | युवाहरुलाई क्षमता विकास कार्यकम | ९ | ५०००० |

| | | | |
|---|---|---|---|
| १९ | शिनपा १० का योजनाहरुको लागि डिपिआर तथा श्रव्यदृष्य निर्माण | १० | ५००००० |
| २० | शिनपा १० का युवा क्लवहरुलाई सहयोग | १० | १००००० |
| २१ | वडा स्तरीय खेलकुद संचालन | १० | १००००० |
| २२ | कृषि विकास कार्यक्रम संचालन | ११ | ४००००० |
| २३ | पशु विकास कार्यक्रम संचालन | ११ | ४००००० |
| २४ | केरा कफि कागती लिची आपका विरुवा खरिद, प्लास्टीक टनेल, तालिम यान्त्रिक उपकरण खरिद अनुदान | १२ | ६००००० |
| २५ | दलित, जनजाती, महिला, अपाङ्ग, जेष्ठ नागरिक, वालवालिका जनचेतना तथा सचेतना कार्यक्रम | १३ | ५००००० |
| २६ | वडा स्तरीय वाल संजाल गठन, सचेनता कार्यक्रम (बाल विवाह न्यूनिकरण) तथा वाल क्लवलाई ड्रेस व्यवस्थापन | १३ | २००००० |
| २७ | कृषि विकास सम्वन्धि विभिन्न कार्यक्रम संचालन | १४ | ५००००० |
| २८ | पशु विकास सम्वन्धि विभिन्न कार्यक्रम संचालन | १४ | ५००००० |
| | जम्मा | | ८०००००० |

**निर्णय नं. ४**

राहत सामाग्री खरिद तथा वितरण समिति गठन सम्वन्धमा ।

राहत सम्बन्धी मापदण्ड २०७६ को बुँदा ६ बमोजिमको राहत सामाग्री आपूर्ति कर्ताबाट मुल्यसुचि लिई सो का आधारमा सामाग्रीको गुणस्तर तथा मुल्य एकिन गर्ने र उपलब्ध भएसम्मका आपूर्तिकर्ता छनौट गरी खरिद, वितरण र अनुगमन समेत गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

उप-प्रमुख, नगरपालिका :- संयोजक

संयोजक, सामाजिक विकास समितिका :- सदस्य

संयोजक, विपद व्यवस्थापन समितिका :- सदस्य

प्रतिनिधि, उद्योग वाणिज्य संघ शितगंगा :- सदस्य

लेखाअधिकृत, अर्जुन प्रसाद नेपाल शिनपा :- सदस्य

ना.सु. (जिन्शी) ओम प्रकाश पाण्डे :- सदस्य सचिव

**निर्णय नं. ५**

महिला स्वास्थ्य स्वंयम सेविकालाई थप सुविधा दिने सम्बन्धमा ।

यस नगरपालिका क्षेत्र भित्र कार्यरत महिला स्वास्थ्य स्वंयम सेविकाले कोरोना भाइरस रोकथाम सम्बन्धि विभिन्न कार्यहरु गरिरहेको तथा गर्नु पर्ने भएकोले उनीहरुलाई लकडाउनको अवधि भरको लागि प्रति महिना रु १०००।- थप सुविधा राहत कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

राहत रकम स्वंघोषणा सम्बन्धमा ।

कोरोना भाइरसको रोकथामको लागि यस नगरपालिकाका जनप्रतिनिधिहरुले निम्न बमोजिमको रकम राहत कोषमा जम्मा गर्ने स्वंघोषणा गरेकोले उक्त रकम स्वीकार गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| प्रमुख, नगरपालिका सूर्य प्रसाद अधिकारी र श्रीमती सुजाता अधिकारीबाट | रु ५१०००।- |
| उप-प्रमुख नगरपालिका | रु १५०००।- |
| वडा अध्यक्ष सवै प्रति वडा अध्यक्ष रु १० हजारका दरले १४ जनाको | रु १४००००।- |
| कार्यपालिका सदस्य सवै प्रति सदस्य रु १० हजारका दरले ८ जनाको | रु ८००००।- |
| जम्मा | रु २८६०००।- |

**निर्णय नं. ७**

एम्बुलेन्स लिने सम्बन्धमा ।

यस शितगंगा नगरपालिकाको वडा नं. ५ जुकेना स्वास्थ्य चौकी अर्न्तगत रहेका २ वटा एम्बुलेन्सहरु मध्ये यस कार्यालयको मिति २०७६/१२/१० गतेको पत्रबाट माग गरिएको लु.१.ज ३६२ नम्वरको एम्बुलेन्स यस नगरपालिकालाई उपलब्ध भएकोमा उक्त एम्बुलेन्स नगरपालिकाको जिन्शीमा आम्दानी बाधी यसै नगरपालिकाको स्वास्थ्य शाखा मार्फत व्यवस्थापन, हुने गरी संचालन गर्ने निर्णय गरियो । साथै उक्त एम्बुलेन्स संचालन गर्दा हुने आंम्दानी तथा सो सँग सम्बन्धित सम्पूर्ण खर्च (चालक पारिश्रमिक, इन्धन र मर्मत) को व्यवस्थापन रेकर्ड समेतको कार्य सोही शाखा मार्फत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारमा खटिने जनशक्तिको थप सुविधा सम्बन्धमा ।

कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारमा खटिने जनशक्तिको लागि मिति २०७६/१२/१० गते देखि लागू हुने गरी सक्रमण जोखिम अवधिभर निम्न अवस्थामा निम्न अनुसारको थप सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

(क) कोरोना संकमित विरामीको उपचारका लागि प्रयोगशाला, स्वास्थ्य परिक्षण र उपचारमा प्रत्यक्ष रुपमा खटिने सवै चिकित्सक, स्वास्थ्यकर्मी तथा नर्सिङ्ग कर्मचारीहरुलाई सुरु तलवको शत प्रतिशतले हुने रकम ।

(ख) कोरोना भाइरस रोकथाम, नियन्त्रणको लागि हेल्पडेक्स, कोरेन्टाइनमा खटिने कर्मचारीहरुलाई सुरु तलवको पचहत्तर प्रतिशतले हुने रकम ।

(ग) कोरोना भाइरस रोकथाम, नियन्त्रणको कार्यमा खटिने अन्य सवै जनशक्तिलाई सुरु तलवको पचास प्रतिशतले हुने रकम ।

उल्लेखित सुविधा सो कार्यमा संलग्न हुने करार सेवामा कार्यरत सवै कर्मचारीहरुलाई उपलब्ध गराईने छ ।

**निर्णय नं. ९**

राहतकोषमा रकम जम्मा गर्न आब्हान गर्ने सम्बन्धमा ।

महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस ( COVID 19 ) का कारण लकडाउन गर्दा नगरबासीलाई परेको समस्यामा आवश्यक सहयोग गरी देशमा घोषणा भएको लकडाउनको कारणले दैनिक छाकटार्न समेत समस्या भएका परिवारलाई दिइने राहत, कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागि गरिएका प्रयासमा भएका र हुने खर्च समेतको व्यवस्थापनको लागि सहयोग गर्न चाहने इच्छुक दाताहरुलाई शितगंगा नगरपालिकाको नाममा रा.वा. बैंक सन्धिखर्क शाखामा रहेको खाता नं. ग-७-२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष ३०५०३०५०४९४०७ मा रकम जम्मा गरि दिन आव्हान गर्ने निर्णय गरियो ।

मिति २०७७/१/८

१. कोभिड १९ विरुद्धको प्रतिकार्य कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्बन्धमा ।

२. हेल्थ डेस्कको खर्च व्यवस्थापन सम्बन्धमा ।

३. वडा नं. १ र ७ मा रोकिएको राहत सामाग्री वितरण सम्बन्धमा ।

४. कर्मचारीहरुको निवेदनको जानकारी सम्बन्धमा ।

५. योजना कार्यान्वयन सम्बन्धमा ।

६. रेडियो शिक्षा संचालन सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १**

कोभिड १९ विरुद्धको प्रतिकार्य कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्बन्धमा ।

विश्व व्यापीरुपमा फैलिरहेको कोरोना भाइरसले नेपालमा समेत पारेको प्रभावलाई नियन्त्रण गर्न यस शितगंगा नगरपालिकाको कार्यालयबाट तयार गरेको कोभिड १९ विरुद्धको प्रतिकार्य कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

हेल्थ डेक्सको खर्च व्यवस्थापन सम्बन्धमा ।

अर्घाखाँची जिल्लाको मुख्य प्रवेश द्वारको रुपमा डोहोटेमा रहेको हेल्थ डेक्सको व्यवस्थापन गर्ने सम्बन्धमा अर्घाखाँची अस्पतालको च.नं. ४८१ मिति २०७६/१२/१३ र जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको च.नं. २१८० मिति २०७७/१/५ गतेको पत्र समेतको आधारमा यस नगरपालिकाले जनशक्ति तथा आर्थिक व्यवस्थापन देहाय बमोजिम गर्ने गरि निर्णय गरियो ।

(क) हेल्थ डेक्स संचालनको सुरुको अवस्थामा आवश्यक स्वास्थ्य सामाग्री खरिद भई सकेको अवस्थामा जिल्ला स्वास्थ्य कार्यालयले माग गरेको रु २५०००।- सबै स्थानीय तहले गरेको योगदान बमोजिम नै जिम्मेवारी बोध भई सन्धिखर्क अस्पताल विकास समितिको नाममा रहेको खातामा जम्मा गरि दिने ।

(ख) आज मिति २०७७/१/८ गते सम्म जिल्ला स्वास्थ्य कार्यालयले संचालन गरि रहेकोमा मिति २०७७/१/९ गते देखि पूर्ण रुपमा यस पालिकाबाट संचालन गर्ने र हेल्थ डेक्समा रहने जनशक्ति यस पालिकाको स्वास्थ्य शाखाले खटाई सबै कर्मचारीहरुको उपस्थिति प्रमाणित गर्ने, खटिने कर्मचारीहरुलाई दैनिक हाजिरीको आधारमा प्रति व्यक्ति रु २००।- का दरले खाजा खर्च उपलब्ध गराउने साथै संचालन गर्दा लाग्ने स्वास्थ्य सामाग्रीहरु यसै पालिकाबाट उपलब्ध गराउने ।

निर्णय नं. ३

वडा नं. १ र ७ मा रोकिएको राहत सामाग्री वितरण सम्वन्धमा ।

यस शितगंगा नगरकार्यपालिकाको मिति २०७६/१२/१९ गतेको बैठकको निर्णय नं. २ बमोजिम कोरोना भाइरसका कारण देशभर लकडाउनको अवस्था श्रृजना भई सो का कारण प्रत्यक्ष प्रभाव पारी दैनिक छाक टार्न समस्या भएका परिवारहरुलाई असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड २०७६ बमोजिम राहत सामाग्री वितरण गर्ने कार्य हुँदा विविध कारणले वडा नं. १ र ७ मा रोकिएको राहत सामाग्री वितरण गर्ने शिलशिलामा वडाहरुबाट प्राप्त विवरणका आधारमा वडा नं. १ मा ८८ परिवारलाई र वडा नं. ७ मा ७२ परिवारलाई राहत सामाग्री वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

कर्मचारीहरुको निवेद्रनको जानकारी सम्बन्धमा ।

यस शितगंगा नगरपालिकामा जनशक्तिको अभावका कारण केही कर्मचारीहरु कार्यालय समय बाहिर खटिई कार्य गरिरहेको अवस्थामा मिति २०७६/१०/११ गतेको नगर सभाको बैठकबाट कार्यालय समय बाहिर कार्यालयको कामा खटिने कर्मचारीहरुलाई ५० प्रतिशत सम्म अतिरिक्त समय कार्य गरेको भत्ता दिने निर्णय भएकोमा कर्मचारीहरुले कार्य गरिरहेता पनिं उक्त भत्ता सुविधा हाल सम्म नलिएको अवस्थामा कोरोना भाईरसको समस्यालाई मध्ये नजर गरी चालु आ.व.मा उक्त सुविधा नलिने व्यहोरा जानकारी गराउन चाहान्छौं भनि अतिरिक्त समय कार्यमा खटिने शाखाहरुको तर्फबाट संयुक्त निवेदन दिएको व्यहोरा आजको बैठकमा जानकारी गराउदै कोरोनाको समस्यालाई मध्यनजर गरि सभाबाट दिएको सुविधा नलिने गरी कर्मचारीहरुले गरेको निर्णयलाई स्वागत गर्दै धन्यबाद दिने निर्णय गरियो ।

निर्णय नं. ५

योजना कार्यान्वयन सम्बन्धमा ।

यस शितगंगा नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार सम्झौता भएका योजनाहरु र संघ तथा प्रदेशबाट प्राप्त समपुरक, शसर्त, विशेष अनुदान तर्फका योजनाहरु कार्यान्वयनको क्रममा कोरोना भाइरसका कारण देश लकडाउन हुँदा रोकिएका योजना कार्यान्वय तथा रकम भुक्तानीका सन्दर्भमा निम्न शर्तहरुको पालना गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

(क) भुक्तानीको प्रकृया बैशाख १५ पछी राज्यबाट हुने लकडाउनलाई मध्ये नजर गदै सो का आधारमा लकडाउनका सिद्धान्तहरुको पालना गर्ने गरी गर्ने,

(ख) योजना कार्यान्वय तथा भुक्तानीका सन्दर्भमा सामाजिक दुरी कायम गरी गर्ने,

(ग) कार्य गराउदा कार्यालय संगको समन्वयमा गर्ने,

(घ) सकेसम्म स्थानीय सामाग्री र स्थानीय कामदारको प्रयोग गरी गर्न सकिने कार्य मात्र गर्ने,

(ङ) बाहिरी कामदारहरुको प्रयोग गर्ने भए कार्य गर्ने देखि वस्ने लगायतको सम्पूर्ण व्यवस्था एकै स्थानमा अन्य व्यक्तिहरु सँग सम्पर्क नहुने गरी गर्ने, साथै सो को अनुगमन प्रत्येक वडामा गठन भएका कोरोना भाइरस संक्रमण रोकथाम समन्वय समितिले समेत गर्ने,

(च) लकडाउनका सिद्धान्तहरुको पालना गर्ने ।

**निर्णय नं. ६**

रेडियो शिक्षा संचालन सम्बन्धमा

रेडियो शिक्षा कार्यक्रम संचालन गर्ने सन्दर्भमा वैशाख १५ गते सम्म लकडाउन रहेको र सो पछी लकडाउनको अवस्थालाई मध्य नजर गर्दै सो का आधारमा थप निर्णय गर्ने ।

## मिति २०७७/२/८ गतेको नगरकार्यापालिका बैठकका प्रस्तावहरू

१. CICT टिम गठन गर्ने सम्बन्धमा ।

२. नगर प्रमुखको सचिवालयमा कर्मचारी व्यवस्थापन सम्वन्धमा ।

३. नदीजन्य पदार्थको दर एकरुपता गर्ने सम्बन्धमा ।

४. दोस्रो चरणको राहत मापदण्ड स्वीकृत गर्ने वारे ।

५. कोभिड १९ बाट प्रभावित मानिसहरुको व्यवस्थापन गर्ने सम्बन्धमा ।

६. विभिन्न भवन निर्माणको लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।

७. डोहोटेको हेल्थ डेक्स सम्बन्धमा ।

८. सातमारा क्षेत्रमा थुप्रिएको नदीजन्य पदार्थ हटाउने सम्वन्धमा ।

९. प्रकोप व्यवस्थापन कोषमा रकम जम्मा गर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १**

CICT टिम गठन गर्ने सम्बन्धमा ।

केश अनुसन्धान तथा क़न्ट्याक्ट खोज पड्ताल टीम परिचालन अन्तरिम निर्देशिका २०७७ कार्यान्वयनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट लेखी आएकोले सोही बमोजिम यस पालिकाले कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नगर प्रमुखको सचिवालयमा कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

नगर प्रमुखको सचिवालयमा काम गर्ने कर्मचारी नहुदा समस्या भएकोले सचिवालयमा रही काम गर्नको लागि एक जना सहायक स्तर चौथो/पाचौ तहको कर्मचारी नगरसभाबाट अनुमोदन गर्ने गरी करारमा राख्ने व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नदीजन्य पदार्थको दर एकरुपता गर्ने सम्बन्धमा ।

यस नगरपालिकाको अधिकांश नदी/खोलाहरु तराईका स्थानीय तहका नदी/खोलाहरुसँग सिमाना जोड़िएका र सिमाना जोडिएका तराईका स्थानीय तहहरुको नदीजन्य पदार्थको दर प्रति क्यूफिट रु ६।- रहेको तर यस शितगंगा नगरपालिका क्षेत्र भित्र पर्ने एउटै नदी/खोलाहरुको नदीजन्य पदार्थको दर प्रति क्यू फिट रु ३।- पाँचौ नगर सभाबाट (प्रदेश आर्थिक ऐन अनुसार) तोकिएकोमा सो का कारण राजश्व संकलनमा कमी आएकोले लोकमार्ग देखिको दुरीलाई समेत मध्यनजर राखी आगामी नगरसभाबाट अनुमोदन गराउने गरी

तत्काललाई तपशिलका नदी/खोला क्षेत्र भित्रको नदीजन्य पदार्थको दर प्रति क्यू फिट रु ६।- कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

(क) रङ्गसिङ्ग खोला :- सिमेन्ट उद्योग क्षेत्र देखि भालु गौडा सम्मको क्षेत्र (रङ्गसिङ्ग खोलाको तल्लो क्षेत्र)

(ख) राप्ती नदी :- गढवा गा.पा. सिमाना देखि वडा नं. ८ को वडाकार्यालय नजिकै झो.पु सम्मको क्षेत्र

**निर्णय नं. ४**

दोस्रो चरणको राहत मापदण्ड स्वीकृत गर्ने वारे ।

असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने दोस्रो चरणको राहत सम्बन्धि मापदण्ड २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

कोभिड १९ बाट प्रभावित मानिसहरुको व्यवस्थापन गर्ने सम्बन्धमा ।

नगर कार्यपालिकाको पूर्व निर्णय अनुसार कोभिड १९ व्यवस्थापन गर्ने कार्यमा खर्च गर्ने गरी वडा अनुसार रु २० र २५ हजारका का दरले वडाहरुलाई रकम विनियोजन गरिएकोमा प्रत्येक वडामा बनाइएका र वनाईने कोरेन्टाइनको व्यवस्थापन गर्ने सम्बन्धमा न्यूनतम पूर्वाधार विजुली जडान, म्याट, सावुन, वाल्टीन, बैठक खर्च जस्ता आवश्यक कार्यमा उक्त रकमबाट समेत खर्च गरी पे.फ.तथा सोधभर्ना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

विभिन्न भवन निर्माणको लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।

यस शितगंगा नगरपालिकाको कार्यालयबाट चालु आ.व.मा भवन निर्माणको लागि ठेक्का प्रकृया अगाडी बडेका तर भवन वनाउने सरकारी कार्यालय/संघ संस्थाको नाममा जग्गाको लालपुर्जा नभएकाहरुको हकमा वडा समितिको बैठकबाट चार किल्ला तोकी सार्वजनिक स्थानमा बनाउने निर्णय गरी आएमा सो का आधारमा वडा समितिले तोकेको क्षेत्र भित्र भवन वनाउने निर्णय गरियो । साथै आगामी आ.व.हरुमा समेत यस्ता भवन निर्माणको सन्दर्भमा आफ्नो जग्गा नभई सार्वजनिक जग्गामा बनाउनु पर्ने भएमा सम्बन्धित वडा समितिको निर्णयका आधारमा उल्लेख भएबमोजिम नै भवन बनाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

डोहोटेको हेल्थ डेक्स सम्बन्धमा ।

जिल्ला समन्वय समितिको कार्यालय अ.खा.को चं. नं. २३३ मिति २०७७/२/२ गतेको पत्रानुसार डोहोटे स्थित हेल्थ डेक्स मिति २०७७/२/२ गते देखि स्थगित गर्ने भन्ने पत्रको आधारमा उक्त डेक्समा खटाईएका जनशक्तिहरुलाई अन्यत्र खटाउने निर्णय गरियो ।

## निर्णय नं. ८

सातमारा क्षेत्रमा थुप्रीएको नदीजन्य पदार्थ हटाउने सम्बन्धमा ।

राष्ट्रिय गौरवको वडकापथ सिंचाई आयोजनाको वाध तथा केही भाग यस शितगंगा नगरपालिका वडा नं. ८ मा पर्ने र उक्त सिंचाई कुलोको बाध शिनपा ८ सातमारा क्षेत्रमा निर्माण सम्पन्न समेत भएकोमा सो बाधको नजिकै क्यानल निर्माण भई रहेको र सो क्यानल निर्माण गर्ने कार्य गर्दा निस्केको मिस्कट (गिट्टी, बालुवा समेत) राप्ती नदी किनारा तथा विचमा थुप्रिएको तथा नदीको वाढीले समेत थुपारेको नदीजन्य पदार्थ समयमै नहटाएमा वर्षादमा नदी बढेर आउदा वगाएर लैजाने र सो का कारण तल्लो क्षेत्रमा विपद समेत निम्त्याउन सक्ने अवस्था रहेकोले सो मिस्कट (गिट्टी, बालुवा समेत) उक्त स्थानबाट हटाउनु/व्यवस्थापन गर्नु पर्ने अवस्था देखिएको हुँदा उक्त थुप्रीएको मिस्कट आवश्यक्ता अनुसार मेशिन प्रयोग तथा मानिस बाटै तत्काल ७ दिनको सूचना जारी गरी जो कोहीले समेत नियमानुसारको राजश्व बुझाई आफै उठाई लैजान सक्ने गरी हटाउंने व्यवस्थाको लागि जिल्ला समन्वय समिति (जिल्ला अनुगमन समिति) अर्घाखाँची र जिल्ला विपद् व्यवस्थापन समिति अर्घाखाँचीमा माग गर्ने निर्णय गरियो ।

## निर्णय नं. ९

प्रकोप व्यवस्थापन कोषमा रकम जम्मा गर्ने सम्वन्धमा ।

विश्व व्यापीरुपमा फैलिरहेको कोरोना नेपालमा पनि फैलिदै गइरहेकोले सो को रोकथामको लागि हुने विभिन्न खर्चको लागि वजेट व्यवस्थापन गर्नु पर्ने भएकोले चालु आ.व.मा पाँचौ नगरसभाबाट विनियोजन भएका नगरपालिका तर्फका निम्न कार्यक्रमहरु हटाई सो रकम प्रकोप व्यवस्थापन कोष खातामा जम्मा गर्ने र सोही कोष मार्फत विपद सम्बन्धि हुने सम्पूर्ण खर्चहरु गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | हटाईएका कार्यक्रमहरुको नाम (न.पा. तर्फका कार्यक्रम) | वडा नं./न.पा. | रकम |
|---|---|---|---|
| १ | युवा लक्षित कार्यक्रम | न.पा. | १०००००0.00 |
| २ | विभिन्न संस्कृति संरक्षणको लागि (मातृ भासा संरक्षण समेत) | न.पा. | ५०००००.०० |
| ३ | दलित क्षमता विकास कार्यक्रम | न.पा. | ५०००००.०० |
| ४ | जनजाती क्षमता विकास कार्यक्रम | न.पा. | ५०००००.०० |
| ५ | महिलाहरुको लागि क्षमता विकास कार्यक्रम (एकल महिला समेत) | न.पा. | ५०००००.०० |
| ६ | बाल संजाल क्षमता विकास | न.पा. | ५०००००.०० |
| ७ | महिला विकास शाखा मार्फत महिला सम्बन्धि कार्यक्रम संचालन | न.पा. | ५०००००.०० |
| ८ | विपद प्रतिकार्य योजना निर्माण | न.पा. | ५०००००.०० |
| ९ | सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, प्रतिवेदन तयारी, नगर विकास योजना प्रकाशन) | न.पा. | ५०००००.०० |
| १० | करदाता शिक्षा | न.पा. | २०००००.०० |

| | | | |
|---|---|---|---|
| ११ | जनप्रतिनिधि/कर्मचारी/उ.स./अन्य संस्था को क्षमता विकास कार्यक्रम | न.पा. | १०००००.०० |
| १२ | विभिन्न योजनाको डिपिआर तयार गर्ने | न.पा. | १०००००.०० |
| १३ | विभिन्न माईक्रोहाईड्रो पहिचान तथा वातावरणीय प्रभाव मुल्याङ्कन | न.पा. | १०००००.०० |
| १४ | न्यायीक समिति व्यवस्थापन तथा तालिम | न.पा. | ५०००००.०० |
| १५ | विपद व्यवस्थापन कोष | न.पा. | १०००००.०० |
| | जम्मा रु | | ९७०००००.०० |

**निर्णय नं. १०**

भारतवाट फर्किएका मानिसहरुलाई ल्याउन सवारी पठाउने सम्वन्धमा ।

कोभिड -१९ को कारण हाल भारत वाट फर्किने यस न.पा को विभिन्न वडाका व्यक्तिहरुलाई सुरक्षित रुपमा ल्याई आ-आफ्नै वडामा रहेका क्वारेन्टाइनमा राख्न कपिलवस्तु जिल्लाको कृष्णनगर नाका तथा रुपन्देहीको सुनौली नाकावाट ल्याउन तपशिल वमोजिमको विवरणमा आधारित रही सवारीको ढुवानीको पटक नगर प्रमुख वाट प्रमाणित गराइ सवारी साधनहरुलाई सम्झौता गरि पठाउने तथा भुक्तानी प्रक्रिया अगाडि वढाउने ।

**तपशिल**

(क) कृष्णनगरवाट

| सि. नं | सवारीको विवरण | सितापुर | शिवादह | सिमलपानी | भालुवाङ्ग | विक्रम | मन्द्रे/ सुवर्णखाल | डोहोटे | हर्रे |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वस | १८००० | २३००० | २०००० | १८००० | १५००० | २२००० | १५००० | १८००० |
| २ | ट्रक/ टिप्पर | १०००० | १२००० | १०००० | १०००० | १०००० | १२००० | १०००० | ११००० |
| ३ | ट्रयाक्टर | ७००० | १०००० | ९००० | १०००० | ८००० | ९००० | ६००० | ७००० |
| ४ | जिप | ५००० | ८००० | ७००० | ८००० | ६००० | ७००० | ४००० | ५००० |

(ख) सुनौलिवाट

| सि. नं | सवारीको विवरण | सितापुर | शिवादह | सिमलपानी | भालुवाङ्ग | विक्रम | मन्द्रे/ सुवर्णखाल | डोहोटे | हर्रे |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वस | २५००० | २८००० | २५००० | २३००० | २०००० | २७००० | २०००० | २३००० |
| २ | ट्रक/टिप्पर | १२००० | १२००० | १०००० | १२००० | १०००० | १२००० | १०००० | १२००० |
| ३ | ट्रयाक्टर | ८००० | ११००० | १०००० | ११००० | ९००० | १०००० | ७००० | ८००० |
| ४ | जिप | ६००० | ९००० | ८००० | ९००० | ७००० | ८००० | ५००० | ६००० |